"कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र सञ्चार समुन्नत तिलागुफाको लागि सबल स्थानीय सरकार"

# तिलागुफा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गाल्जे, कालीकोट

सूचना नं.: २१

कर्णाली प्रदेश, नेपाल

सूचना प्रकाशित मिति: २०८२/०२/२६

ने.सं.११४५ तछलाथ्व १३, सोमबार

(तिलागुफा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गाल्जे, कालीकोट कर्णाली प्रदेश नेपाल २०७३)

## आर्थिक वर्ष २०८१/०८२ को भुक्तानी एवं खाता बन्दी सम्बन्धी सूचना !!!

उपरोक्त सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० मा कार्यालयले भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समापत हुनु भन्दा सात (७) दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरि भुक्तानी निकासा बन्द गर्नुपर्नेछ भन्ने व्यवस्था भएको र आर्थिक वर्षको अन्त्यमा कामको चाप बढी हुने, अधिक प्रयोगका कारण स्थानीय संचितकोष व्यवस्थापन प्रणाली **(Sub-National Treasury Regulatory Application) SuTRA** पनि स्लो हुनसक्ने, नचल्ने समस्या समेत आउन सक्ने, अषाढ मसान्त भित्रै कर दाखिला गर्नुपर्ने, प्रदेश तथा संघीय सरकारबाट प्राप्त खर्च नभएको सशर्त, विशेष तथा समपूरक अनुदानहरु समेत फिर्ता गरि कोष तथा लेखा नियन्त्रक कार्यालयमा हिसाव मिलान समेत गर्नुपर्ने भएको हुँदा यस आर्थिक वर्षमा यस कार्यालयबाट भुक्तानी हुने गरि सञ्चालित सबै योजना तथा कार्यक्रमहरु २०८२ असार १० गतेभित्र सम्पन्न गरि आवश्यक सम्पूर्ण कागजपत्रहरु संलग्न राखि आर्थिक प्रशासन शाखामा मिति २०८२/०३/१५ गते भित्र पेश गरि भुक्तानी लिइसक्नुहुन सम्बन्धित सबै (नगरपालिका अन्तर्गतका शाखा, इकाई, वडा कार्यालय, स्वास्थ्य संस्था, कर्मचारी, विद्यालय, उपभोक्ता समिति, निर्माण व्यवसायी, फर्म तथा आपूर्तीकर्ता लगायत) को जानकारीका लागि हार्दिक अनुरोध छ ।

उपरोक्त बमोजिम २०८२/०३/१५ गते भित्र भुक्तानीका लागि आर्थिक प्रशासन शाखामा पेश नभएका कागजात उपर कुनै कारवाही नहुने तथा अर्को आर्थिक वर्षका लागि दायित्व नसर्ने व्यहोरा जानकारी गर्दै भुक्तानी नभएमा स्वयं भुक्तानी माग गर्ने पक्ष जिम्मेवार हुने समेत जानकारी गराउँदछौं ।

..................
(भरत डि.सी.)
लेखा प्रमुख
भरत डि.सी.
लेखा प्रमुख

..................
(लक्ष्मण प्रसाद चौलागाई)
प्रमुख प्रशासकीय अधिकृत
लक्ष्मण प्रसाद चौलागाई
प्रमुख प्रशासकिय अधिकृत

__अवगतार्थ:__

श्री नगर प्रमुख ज्यू ।

श्री नगर उप-प्रमुख ज्यू ।